# मुसिकोट राजपत्र


मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ८) मुसिकोट,गुल्मी, फागुन १८ गते,२०८१ साल (संख्याः१५


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

**मुसिकोट नगरपालिकाको निरन्तर रोजगारी,निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम सञ्चालन(प्रथम संसोधन) कार्यविधि, २०८१**

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(२) बमोजिम मुसिकोट नगरपालिकाको नगरसभाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# निरन्तर रोजगारी,निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम सञ्चालन (प्रथम संसोधन)कार्यविधि, २०८१

**प्रस्तावना**

मुसिकोट नगरपालिकामा निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम कार्यविधि २०८० (यस पछि मूल कार्यविधि भनि नामाकरण गरिएको) लाई संसोधन गर्न वान्छनीय देखि मुसिकोट नगरपालिकाको नगरकार्यपालिकाले देहाय बमोजिम संसोधन गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम "निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम सञ्चालन (प्रथम संसोधन ) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) “मुल कार्यविधि” भन्नाले निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०८० लाई सम्झनु पर्दछ ।

**३.मूल कार्यविधिको दफा ७ मा संसोधनः** मूल कार्यविधिको दफा ७ मा रहेको "बेरोजगार व्यक्तिको सूचिकरण प्रकृया " शब्दको सट्टा "बेरोजगार व्यक्तिको सूचिकरण प्रकृया र योग्यता" राखिएको छ ।

**४.मूल कार्यविधिमा दफा ७ क थपः** मुल कार्यविधिमा दफा ७ (क) थप गरि देहाय बमोजिम व्यवस्था गरिएको छ ।

**७.क. बेरोजगार व्यक्ति सूचिकृत हुनको लागि आवश्यक योग्यता:-**

(१) बेरोजगार व्यक्ति सूचिकृत हुनको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ ।

क.नेपाली नागरिक ,

ख.१८ बर्ष पुरा भई ५९ बर्ष ननाघेको,
ग.मुसिकोट नगरपालिकाको स्थायी बासिन्दा,
घ.अन्यत्र कतै स्थायी रोजगार नभएको ,

(२) उपदफा (१) मा जेसुकै उल्लेख भएता पनि मुसिकोट नगरपालिका भित्र कम्तिमा १ बर्ष कुनै जग्गा जमिन वा घर भाडामा लिई वसोबास गरेका वा अस्थायी रुपमा बसोबास गरेको व्यक्ति बेरोजगार व्यक्तिमा सूचिकृत हुन बाधा पर्ने छैन ।

प्रमाणिकरण मिति
२०८१।११।०९

आज्ञाले,
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू १०

मुसिकोट राजपत्र